# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, पुस १५ गते २०३१ साल


श्री ५ को सरकार

## मन्त्रिपरिषद् सचिवालयको

## सूचना

### यान्त्रिक सारिणीकरण विकास समिति (गठन) आदेश, २०३१

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यस आदेशको नाम "यान्त्रिक सारिणीकरण विकास समिति (गठन) आदेश, २०३१" रहेको छ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषाः– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आदेशमा–

(क) "समिति" भन्नाले यो आदेशबमोजिम गठित यान्त्रिक सारिणीकरण विकास समिति सम्झनु पर्छ।

(ख) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ।

(ग) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्षलाई समेत जनाउँछ।

(घ) "सचिव" भन्नाले समितिको सदस्य–सचिव सम्झनु पर्छ।

(ङ) "बैठक" भन्नाले समितिको बैठक सम्झनु पर्छ।



856

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. समितिको गठनः– (१) यान्त्रिक सारिणीकरण विकास समिति नामको एउटा समिति गठन गरिएको छ ।

(२) उप–दफा (१) बमोजिम गठित समितिमा देहायका अध्यक्ष र सदस्यहरू रहनेछन् –

(क) महानिर्देशक, केन्द्रीय तथ्याङ्क विभाग – – – – – – – अध्यक्ष
(ख) उप–सचिव, राष्ट्रिय योजना आयोगको सचिवालय– – – सदस्य
(ग) उप–सचिव, अर्थ मन्त्रालय – – – – – – – – – – – – सदस्य
(घ) उप–सचिव, खाद्य, कृषि तथा सिंचाइ मन्त्रालय – – – सदस्य
(ङ) उप–सचिव, प्रशासन व्यवस्था विभाग – – – – – – – सदस्य
(च) द्वितीय श्रेणीको अधिकृत, नेपाल राष्ट्र बैङ्क – – – – – सदस्य
(छ) द्वितीय श्रेणीको अधिकृत, शाही नेपाल वायु सेवा निगम– – सदस्य
(ज) द्वितीय श्रेणीको अधिकृत, कर्मचारी सञ्चयकोष – – – सदस्य
(झ) द्वितीय श्रेणीको अधिकृत, राष्ट्रिय व्यापार निगम – – – सदस्य
(ञ) द्वितीय श्रेणीको अधिकृत, नेपाल बैङ्क लिमिटेड – – – सदस्य
(ट) प्रतिनिधि, उद्योग वाणिज्य संघ – – – – – – – – – – सदस्य
(ठ) प्रबन्धक, यान्त्रिक सारिणीकरण केन्द्र – – – – – – – सदस्य–सचिव

(३) श्री ५ को सरकारले आवश्यक ठानेमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी समितिका सदस्यहरू हेरफेर वा थपघट गर्न सक्नेछ ।

(४) यान्त्रिक सारिणीकरण केन्द्रको प्रबन्धक श्री ५ को सरकारले नियुक्त गर्नेछ ।

४. समितिको बैठकसम्बन्धी कार्यविधिः– (१) अध्यक्षले तोकेको स्थान र समयमा बैठक बस्नेछ । बैठकमा अपनाइने कार्यविधि समितिद्वारा निर्धारित हुनेछ ।

(२) बैठकमा पेश गर्नु पर्ने कार्यसूची अध्यक्षको अनुमति लिई सचिवले वा अध्यक्षबाट अधिकार प्राप्त अन्य व्यक्तिले तयार गर्नेछ ।

(३) अध्यक्ष र सचिव सहित समितिको कूल सदस्य संख्याको पचास प्रतिशत सदस्यहरू उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा अध्यक्षले निर्णायक मत समेत दिनेछ ।

(५) समितिको आमन्त्रणमा कुनै स्वदेशी वा विदेशी विशेषज्ञ बैठकमा उपस्थित भई छलफलमा भाग लिन सक्नेछ ।

तर त्यसरी आमन्त्रित विशेषज्ञलाई मत दिने अधिकार हुने छैन ।

(६) बैठक कम्तीमा महीनाको एक पटक बस्नेछ ।

४३८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. समितिको काम, कर्तव्य र अधिकारः– (१) श्री ५ को सरकार र इन्टरनेशनल विजीनेस मेशीन (आई.वी.एम्.) कम्पनीको बीच भएको सम्झौता अनुसार श्री ५ को सरकारले भाडामा ल्याएको १४०१ कम्प्यूटर सिस्टमको मेशीनहरू सञ्चालन गर्ने र भविष्यमा अरू कुनै कम्प्यूटर सिस्टमको सेवा उपलब्ध गर्ने सम्बन्धमा आई.वी.एम्. वा अन्य कुनै विदेशी एजेन्सी वा कम्पनीसित हुने सम्झौता अन्तर्गत भाडामा वा खरीद गरी ल्याइने त्यस्तो मेशीनलाई सञ्चालन गरी त्यसको सेवा उपलब्ध गराउनु समितिको कर्तव्य र अधिकार हुनेछ ।

(२) उप–दफा (१) बमोजिमको उद्देश्य पूर्तिको निमित्त समितिले देहायका कामहरू गर्न सक्नेछः–

(क) कम्प्यूटर सिस्टम मेशीन सञ्चालन गर्ने सम्बन्धमा आवश्यक निर्देशन दिने र त्यस्तो काम कारवाईको रेखदेख गर्ने,

(ख) कम्प्यूटर सिस्टम मेशीनलाई निरन्तर सञ्चालन गरी सरल तथा सुलभ सेवा उपलब्ध गराउनको लागि आवश्यक कार्यक्रमको तर्जुमा गर्ने,

(ग) लोक सेवा आयोगले अपनाएको सिद्धान्तको अधीनमा रही कम्प्यूटर सिस्टम सञ्चालन गर्नको निमित्त आवश्यक पर्ने कर्मचारीहरू नियुक्त गर्ने र तिनीहरूको पारिश्रमिक, सेवा शर्त तोक्ने,

(घ) कम्प्यूटर सिस्टम मेशीनको सेवा उपलब्ध गर्न चाहनेले तिर्नु पर्ने दस्तूर तोक्ने र सेवा उपलब्ध गर्नेबाट दस्तूर असूल उपर गर्ने,

(ङ) कम्प्यूटर सिस्टम मेशीन सञ्चालन गर्न र त्यसको सेवा उपलब्ध गराउन आवश्यक पर्ने अन्य काम कारवाई गर्ने ।

६. समितिको कोषः– (१) समितिको एउटा छुट्टै कोष हुनेछ जसमा देहायका रकमहरू रहनेछन्ः–

(क) श्री ५ को सरकारबाट वा श्री ५ को सरकारमार्फत कुनै विदेशी सरकार वा एजेन्सीबाट प्राप्त अनुदान वा ऋण,

(ख) समितिले उपलब्ध गराएको सेवाबाट उठेको रकम,

(ग) अन्य कुनै स्रोतबाट प्राप्त गरेको रकम ।

(२) समितिको कोषको सञ्चालन समितिले बनाएको नियमबमोजिम हुनेछ ।

७. समितिको आय–व्यय र लेखापरीक्षणः– (१) समितिको आय–व्ययको लेखा समितिले बनाएको नियमबमोजिम राखिनेछ ।

(२) समितिको लेखापरीक्षण प्रचलित नेपाल कानूनबमोजिम हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८. समितिको निर्णय र आदेश प्रमाणित गर्नेः– समितिको निर्णय वा आदेशलाई सचिवले प्रमाणित गर्नेछ ।

९. समितिसंगको ठेक्कापट्टाः– समितिको तर्फबाट गरिने सबै ठेक्कापट्टा समितिको निर्देशानुसार सचिवले गर्नेछ र त्यसरी गरिएको ठेक्कापट्टा समितिले गरेको मानिनेछ।

१०. अधिकार सुम्पन सकिनेः– समितिले आफ्नो केही वा सबै अधिकार सदस्यहरूको उप–समिति वा सचिवलाई सुम्पन सक्नेछ।

११. नियमहरू बनाउने अधिकारः– समितिले आफ्नो कार्य सञ्चालनको लागि नियमहरू बनाउ सक्नेछ र त्यसरी बनाएको नियमहरूमा श्री ५ को सरकारको स्वीकृति लिनु पर्नेछ

१२. श्री ५ को सरकारसंग सम्पर्कः– समितिले श्री ५ को सरकारसंग सम्पर्क राख्दा केन्द्री तथ्याँक विभागमार्फत राख्नु पर्नेछ ।

१३. समितिको कार्यालयः– समितिको कार्यालय केन्द्रीय तथ्यांक विभागमा रहनेछ र सो का लयको नाउँ यान्त्रिक सारिणीकरण केन्द्र हुनेछ ।

आज्ञाले–
प्रद्युम्नलाल राजभण्डारी
श्री ५ को सरकारको मुख्य सचिव

६४०

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।